# दलित समाज बिकास मंच

## बैतडी

## DALIT SOCIETY DEVELOPMENT FORUM (DSDF)

## BAITADI

**बिधान २०६१**

**संसोधन २०७९**

आर्थिक बिकास र समाजिक रुपान्तरण

# दलित समाज विकास मंच
# बैतडी

## [Dalit Society Development Forum (DSDF)]

## **विधान २०६१**

तेश्रो संसोधन विधान २०७१ माघ ७
चौथो संसोधन २०७५ पुष १९ गते बिहिबार
पाँचौ  संसोधन २०७९

प्रस्तावना:-

शताब्दीऔ देखी समाजमा समाजिक, आर्थिक, शैक्षिक, राजनैतिक एवं सास्कृतिक रुपले पछाडी परेका अति गरिब, दलित , महिला , वालबालीका तथा युवाहरुको सर्वाङ्गीण विकासका लागी लक्षित समुदायलाई प्रत्यक्ष रुपले संलग्न गराई उनीहरुको चौतर्फी विकासमा टेवा पुर्याउने उद्देश्यका साथ सामाजिक सचेतीकरण, सशक्तिकरण, मानवअधिकार तथा जन वकालत, जिवीकोपार्जन, स्वास्थ्य सरसफाई, शैक्षिक विकास, वातावरणीय संरक्षण तथा सम्बर्धन भौतिक पूर्वाधार निर्माण आदि कार्यक्रमहरु संचालित गरी लक्षित समुदायलाई प्रत्यक्ष लाभ पुर्याउने लक्षयका साथ दलित समाज विकास मंच बैतडी संघ संस्था दर्ता ऐना २०३४ अनुसार गठन गरिएको हो ।

परिच्छेद १

***<u>प्रारम्भिक</u> -***

१. यस संस्थाको नाम दलित समाज विकास मंच अंग्रेजीमा Dalit Society Development Forum छोटकरीमा (DSDF)  रहनेछ ।

क. दलित समाज विकास मंच बैतडीको केन्द्रिय कार्यालय बैतडी जिल्लाको सदरमुकाम भित्र रहनेछ ।

ख. यस संस्थाको कार्य क्षेत्र बैतडी जिल्लाका सबै स्थानिय तह र सो अन्तर्गतका सबै वार्ड हरु रहने छन् । आवश्यकता परेमा जिल्ला प्रशासन कार्यालयको अनुमति लिई देशका कुनै जिल्ला तथा स्थानिय तहमा कार्य विस्तार गर्न सकिनेछ ।

ग. प्रारम्भ - दलित समाज विकास मंच बैतडीको विधान जिल्ला प्रशासन कार्यालयबाट स्विकृती प्रप्त पश्चात दर्ता भएकै मिति देखी लागु गरिने छ ।

घ. अस्तित्व : यो संस्था एक अविछिन्न उत्तराधिकारवाला , संगठित, स्वसासित, गैर नाफामुलक, गैर राजनैतिक तथा गैर राजनैतिक तथा गैर सरकारी संस्था हुनेछ । संस्थाबाट आफ्नो विधानमा तोकिएका उद्देश्य बाहेक अन्य कुनै काम गरिनै छैनन् ।

२. <u>परिभाषा :</u>

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा

क. विधान भन्नाले दलित समाज विकास मंच बैतडी २०६१ लाई सम्झनुपर्छ ।
ख. संस्था भन्नाले दलित समाज विकास मंच बैतडीलाई सम्झनुपर्छ ।
ग. समिति भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई सम्झनुपर्छ ।
घ. सभा भन्नाले यस विधान बमोजिम वसेको साधारण सभा र विशेष साधारण सभालाई जनाउँदछ ।
ङ. पदाधिकारि भन्नाले संस्थाका पदाधीकारिहरु सम्झनुपर्छ ।
च. नियम, विनियम भन्नाले विधान बमोजिम बन्ने नियम विनियमहरुलाई जनाउँदछ ।
छ. स्थानिय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारी लाई जनाउँदछ ।
ज. तोकिए बमोजिम भन्नाले यो विधान र विधान बमोजिम विनियमहरु मा तोकिए बमोजिम सम्झनु पर्छ ।
झ. स्थानिय तह भन्नाले स्थानिय तह, नगरपालिका र गाउपालिका लाई जनाउँदछ ।

**३. <u>संस्थाको छाप तथा चिन्ह</u>**

***क.*** यस संस्थाको चिनारी तथा प्रयोजनको लागीवलीरहेका दियो लाई महिला र प्रुरुषको हातले समाति रहेको र त्यसको माथि पट्टी ताराहरुले घेरीएको हुनेछ र दियोको पिधमा DSDF २०६१ रहेने छ ।

***ख. <u>परिच्छेद२</u>***

**४. <u>उद्देश्यहरु</u>**

क. यो संस्था मुनाफा रहित जनहितकारी सामाजिक संस्था हुनेछ ।
ख. समाजमा आर्थिक, समाजिक रुपले पछाडी परेका अति गरिव, दलित, महिला, अपाङ्ग, वालबालिका र बेरोजगार युवाहरुको समग्र विकासका लागि समर्पित रहनेछ ।

ग. आर्थिक तथा सामाजिक विकासका लागी लक्षित समुदायहरु संग छलफल गरि आवश्यकता अनुसार कार्यक्रमहरु संचालन गरि उनिहरुको जिवीकोपार्जन अवस्थामा सुधार ल्याउने वातावरण सृजना गर्ने।
घ. लक्षित समुदायको सामाजिक,आर्थिक लगायत समग्र विकासका लागि स्थानिय स्रोत साधनको पहिचान परिचालन गर्दै समुदायका सदस्यहरुको सिप विकासमा जोड दिने ।
ङ. समाजमा रहेका अन्धविश्वास, रुढीवादी, कुसंस्कार, कुप्रथा निस्तेज गर्नका लागी अति गरिव, दलित, महिला, अपाङ्ग, वालबालिका, जेष्ठनागरिक र बेरोजकार युवाहरुका लागी चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
च. समुदायमा विद्यमान अशिक्षा, अज्ञानता तथा रुढीवादी प्रथालाई,न्युनिकरण गर्नका लागि अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालन गर्ने ।
छ. आधारभुत स्वस्थ्य शिक्षाको माध्यमबाट समुदायमा चेतना अभिवृद्धि गरी घुम्ती शिविरका कार्यक्रमहरु संचालन गर्दै वाल मृत्यू दर, कुपोषण, निमोनिया, झाडापखालाको अवस्थामा सुधार ल्याउदै एच.आई.भी. जस्ता संक्रमित रोगबाट जोगीने उपायहरु अवलम्वन गर्ने ।
ज. विश्वमा भइरहेको जलवायु परीवर्तनको अवस्थालाई मध्यनजर गरि वातावरण संरक्षणका कार्यक्रमहरु संचालन गर्ने ।
झ. लक्षित समुदाय तथा लक्षित क्षेत्रको समग्र विकासका लागी सामुदायिक पूर्वाधार विकासमा जोड दिने ।
ञ. संविधान प्रदत्त मौलिक हक तथा मानव अधिकार सम्बन्धि सन्धि सम्झौताहरुको सही ढंगले कार्यान्वयन तथा उपभोग गर्ने वातावरण सृजना गरि मानव अधिकारको हनन भएको खण्डमा त्यसको विरुद्ध संघर्ष कार्यक्रमहरु संचालन गरि समुदायका पिडीत पक्षमा वकालत गर्ने ।
ट. विभिन्न सरकारी गैर सरकारी निकायहरुबाट स्रोत साधनहरु जुटाई लक्षित समुदायको समग्र विकासका लागी कार्यक्रमहरु संचालन गर्ने ।
ठ. राज्यको विकासको मुलधारावाट अलग रही सामान्य मानव अधिकार एवं राज्यको हरेक अवसर एवं सेवा सुविधा ( सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक ) हरुवाट वंचित रही आएको अति गरिव, दलित, महिला, अपाङ्ग र बेरोजगार युवाहरुको सवै अवसर तथा निकायहरुमा समानुपातिक प्रतिनिधित्वको वातावरण सृजना गर्ने ।
ड. हलिया भुमिहिन कमैया हरुको पुनःस्थापना तथा उक्त समुदायको आर्थिक समाजिक राजनैतिक तथा शैक्षिक सुधारात्मक कर्यक्रम संचालन गर्ने ।
ढ. कला र संस्कृतिहरुरको संरक्षाण र जगेर्ना गर्ने ।

५. ***संस्थाले उद्देश्य प्राप्त गर्नका लागि देहायका कामहरु गर्नेछ ।***

क. संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्वन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गरि मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्ने छ ।

ख. संस्थालाई आवश्यक पर्ने कार्यालय भवन, फर्निचर सामाग्री तथा अन्य आवश्यक सामग्रीहरु संस्थाको निर्णय वा कर्मचारी प्रशासन नियमवली अनुसार गर्ने छ ।

ग. संस्थालाई  आवश्यक पर्ने कर्मचारीहरु संस्थाको निर्णय वा कर्मचारी प्रशासन नियमावली अनुसार गर्ने छ ।

घ. लक्षित समुदाय तथा क्षेत्रहरुमा कार्यक्रमहरु संचालन गर्नका लागी सरकारी, गैर सरकारी राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ निकायहरुमा प्रशतावना पेश गरी स्रोत साधनहरु संकलन गरिने ।

ङ. जिल्लामा रहेका सबै सरोकारवाला निकायहरु संग समन्वय एवं सहकार्य गरि कार्यक्रमहरु संचालन गरिने छन् ।

च. संचालन गरिएका कार्यक्रमहरुको वार्षिक साधारण सभामा जानकारी गराई सोही अनुसार पारित गरिने छन् ।

छ. संचालित कार्यक्रमहरुको प्रगती वारे मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा स्थानिय तह लगायत अन्य लाईन एजेन्सीहरुलाई जानकारी गरिने छ ।

ज. संचालित कार्यक्रमहरुको बार्षिक साधारण साधारण सभामा जानकारी गराइ सोहि अनुसार पारित गरिने छन् ।

झ. संचालित कार्यक्रमहरुको प्रगति बारे मासिक चौमासिक अर्धवार्षिक तथा वार्षिक रुपमा स्थानिय तह लगायत अन्य लाइन एजेन्सीहरुलाइ गरिनेछ ।

## परिच्छेद ३

## सदस्यता

६. यस संस्थाका देहाय बमोजिम ४ प्रकारका सदस्यहरु रहनेछन् ।

क. साधारण सदस्य -  यस विधानको दफा ७ बमोजिम योग्यता पुगेका नेपाली नागरिकले तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्न व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

ख. संस्थापक सदस्यहरु - यस संस्था दर्ता बखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् , संस्थापक सदस्यहरुले साधारण वा आजिवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्दछ ।

ग. आजिवन - संस्थाको विकासको लागी विशेष योग्यता पुर्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजिवन सदस्यता प्रदान गर्न सकिनेछ ।

घ. मानार्थ सदस्य - उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सकिनेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

## ७. <u>सदस्यता प्राप्तिका लागी आवश्यक योग्यता</u>

क. नेपाली नागरिक हुनु पर्ने ।

ख. १८ वर्ष उमेर पुरा भएको ।

ग. समाज सेवीको रुपमा काम गर्न तत्पर रहेको ।

घ. सार्वजनिक सम्पत्ति हिनामिना नगरेको ।

ङ. दफा ८ बमोजिम अयोग्य नभएको ।

## ८. संस्थाको सदस्यता कायम वा बहाल रहन नसक्ने अवस्थामा

क. गैर नेपाली नागरिक वा १८ वर्ष उमेर पुरा नभएको

ख. मगज विग्रेको वा बौलाएको ।

ग. फौजदारी अभियोग नलागेको ।

घ. सम्बन्धित संस्थाको सम्पत्तिमा निजी स्वर्थ नरहेको ।

ङ. सदस्यता शुल्क बुझाउन बाकी नरहेको ।

च. सार्वजनिक सम्पत्ति हिनामिना गरेको प्रमाणित भएमा ।

छ. कुनै प्रकारको चोरी डकैति किर्तेजाल साजी गरेको कुरा अदालतबाट प्रमाणीत भएमा ।

ज. संस्था विरुद्ध कुनै किसिमको सार्वजनिक बक्तब्य तथा हित विपरित काम गरेमा ।

## ९. सदस्यता समाप्ति :

१. देहायको अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन ।

क. दफा ८ को उप दफा बमोजिम बहाल रहन नसक्ने अवस्थामा देखिएमा

ख. साधारण सभाबाट ५० प्रतिशतको बहुमतले सदस्य पदवाट हटाउने प्रस्ताव पास भएमा ।

ग. सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ. लक्षित समुदाय तथा संस्थाको हक हित विपरित संस्थामा प्रवेश गरि व्यक्तिगत फाईदा लिन चाहेमा ।

ङ. संस्थाको काम कारवाहिमा वेइमानी वा वदनियत गरेको कुरा प्रशासनिक वा कानूनी निकायवाट प्रमाणित भएमा ।

च. यस विधान बमोजिम गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।

२. माथि उल्लेखित कारवाही गर्नु पुर्व सदस्यमा अयोग्य ठहरिएको व्यक्तिलाई सफाईको लागी मौका दिइने छ ।

## १०. सदस्यता शुल्क र प्रदान गर्ने विधि :

### १. साधारण सदस्य :-

क. साधारण सदस्यता प्रप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वाफत रु ५० र वार्षिक शुल्क वाफत १०० बुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गर्ने लाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

ख. त्यस्ता साधारण सदस्यले वार्षिक नविकरण शुल्क रु १०० बुझाउनु पर्ने छ ।

ग. साधारण सदस्यता प्रप्त गर्ने सदस्यले प्रत्येक वर्ष असोज महिनाको मसान्त भित्र नविकरणगरीसक्नु पर्नेछ। त्यस पछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नवीकरण सकिनेछ।

### २. संस्थापक सदस्य :-

क. यो संस्था दर्ता हुदाका बखतका तदार्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।

ख. संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिम शुल्क बझाई साधारण सदस्य वा आजिवन सदस्यता प्रप्त गर्न सक्नेछन् ।

३. मानार्थ सदस्य- साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ठ व्यक्ती तथा प्रतिष्ठित समाजसेवी नेपालीलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

४. आजिवन सदश्यता - संस्थामा एकमुष्ट रु २,००० बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिलाई आजिवन सदस्यता प्रदान गर्न सकिनेछ ।
५. कुनै आवेदक लाई सदस्य नदिने निर्णय गरिएमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईने छ ।
६. सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेका नियम र बिनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्ने छ ।
७. संस्थाले प्रदान गरेको उपदफा १, २,३, र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद ४

१. यस संस्थाको विधानको दफँ ७ अनुसार सदस्यता प्रप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु संस्थाको बाट संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।
२. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।
    क. वार्षिक साधारण सभा : वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।
    ख. विशेष साधारण सभा : संस्थाको कुल सदस्य संख्याको १.४ (एक चौथाई) सदस्यहरुले

कारण जनाई विशेष साधारण सभा माग गरेमा कार्य समितिले ७ दिन भित्र विशेष साधारण सभा अनिवार्य रुपमा बोलाउनु पर्ने छ । तर साधारण सभा बसेको ३ महिना भित्र पुनः विशेष साधारण सभा बोलाउन सकिने छैन ।

३. यस संस्थाको वार्षिक साधारण सभा आ. व. समाप्त मिति देखी ३ महिना भित्र गरिने छ । र सो सभामा संस्थाले गत आ.व. मा संचालन गरेका कार्यक्रमहरु छलफल गरी पारित गर्नेछ ।
४. यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि १५ दिन अगाडि छलफल गरी साधारण सदस्यहरुलाई कम्तिमा पनि ७ दिन पुर्व सुचना गर्नुपर्नेछ ।
५. साधारण सभा र वार्षिक साधारण सभाको निर्णयको अभिलेख छुट्टै निर्णय पुस्तिकामा राख्नुपर्ने छ ।

## ***१२ . साधारण सभाको काम कर्तप्य र अधिकार :***

क. कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक वजेट पारित गर्ने ।

ख. लेखा परिक्षक बाट पारित भएको प्रतिवेदन माथि छलफल गरि अनुमोदन गर्ने र लेखा परिक्षक प्रतिवेदनमा देखीएका वेरुजहरुमाथि छलफल गरि आवश्यक कार्वाहिको प्रक्रिय अगाडी बढाई फच्र्छौट गराउने ।

ग. आगामी वर्षको लागि लेखापरिक्षकको नियुक्ति गर्ने ।

घ. संस्थाको कार्य प्रति विवरण र संस्थाले गरेको कामको मुल्याङ्कन गरी आवश्यक सल्लाह दिने ।

ङ. संस्थाका कार्य समितिका पदाधिकारिहरुको पदावधि पुगेको अवस्थामा विधान बमोजिम प्रक्रिया अन्तर्गत रहि निर्वाचन गर्ने ।

च. कार्य समितिबाट पेश गरिएका विधान संसोधन नियम तथा विनियम स्वीकृत गर्ने ।

छ. मानार्थ सदस्यता प्रदान गर्ने ।

ज. कार्य समितिबाट पेश गरिएका विधान संसोधन नियम तथा विनियम स्वीकृत गर्ने ।

झ. संस्थाको आफ्नो श्रोत बाट ब्यहोर्ने गरि कार्य समितिले नियुक्त गरेका कर्मचारिहरुको पारिश्रमिक भत्ता अनुमोदन गर्ने ।

## **१३. कार्य समितिको गठन**

१. साधारण सभाबाट देहाय बमोजिम ९ जनाको कार्य समिति गठन गरिनेछ ।

अध्यक्ष - १ जना

उपाध्यक्ष- १ जना

सचिव - १ जना

सह-सचिव- १ जना

कोषाध्यक्ष - १ जना

सदस्यहरु - ४ जना गरि जम्मा ९ जनाको कार्य समिति हुनेछ र ६० प्रतिशत महिला सुनिश्चित गरिनेछ ।

२.कार्य समितिको कार्यकाल ४ वर्षको हुनेछ।

३. कार्य समितिले सस्थाको ५ सदस्यीय सल्हाकार समिति गठन गर्ने छ।

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेका कुनै सदस्यहरुको पद रिक्त हुन आएमा कार्य समितिको बैठकबाट मनोनित गर्न सकिनेछ । सो सदस्यको बाँकी कार्यकाल अवधि सम्मका लागि मात्र हुनेछ तर अन्य पदहरुका लागि अवधिको निमित्त निर्वाचन प्रक्रियाद्वारा पद पुर्ति गरिनेछ ।
४. कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ । तर कार्य समितिका ५१% सदस्यहरुले बैठकको माग गरेमा अध्यक्षले तुरुन्त बैठक बोलाउनु पर्ने छ ।
५. कार्य समितिका ५१% सदस्यहरुको उपस्थिति बिना कार्य समितिको बैठक बस्न सक्ने छैन ।
६. कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ , अध्यक्षको अनुपस्थितिमा सबै सदस्यहरुको सहमतीमा उपस्थित कुनै पनि सदस्यले गर्न सक्नेछ ।
७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ, मत बराबर भएका अध्यक्षले निर्णायक मत दिनेछ ।
८. कार्य समितिको बैठकले गरेको निर्णयहरुको अभिलेख राख्नु पुर्व बहुमत सदस्यहरुले उपस्थित गर्नु पर्ने छ ।
९. संस्थाले गर्ने भनेको सम्पुर्ण काम संस्थाको निर्णय अनुसार गरिनेछ ।
१०. माथिका दफाहरुमा जुनसुकै कुराहरु लेखिएको भएपनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिलाई कार्य समितिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।
११. संस्थाको साधारण सभाबाट साधारण सदस्यहरु सदस्य रहने गरी कम्तिमा ३ सदस्यीय सल्लाहकार समिति बनाउने छ । र संस्थाको कार्यसमितिमा आवश्यकता अनुसार

आमन्त्रण गरिनेछ । जसको मर्यादा कार्य समितिको सदस्य सरह हुने छ र कार्य समितिको निर्णय प्रकृया मतदान गर्न पाउने छैनन् ।

**१२.कार्य समितिको काम कर्तव्य र अधिकार : कार्य समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ ।**

१. संस्थाको अगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा पेश गर्ने ।

२. विधान बमोजिम साधारण सभाको निर्णय कार्यान्वयन गराउने ।

३. संस्थाको हित हुने कार्यक्रमहरु संचालन गर्ने ।

४. साधारण सभा प्रति उत्तरदायि हुने ।

५. संस्थाको उद्देश्य प्राप्तिका लागी उपलब्ध साधन र श्रोतको अधिकतम उपयोग गर्ने ।

६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने,श्रोत जुटाउने, श्रोत परिचालन गर्ने र अनुगमन मूल्याङ्कन गर्ने ।

७. संस्थाको कोष र सम्पत्ति सुरक्षित राखि बैंक खाता मार्फत मात्र आर्थिक कारोवार गर्ने ।

८. संस्थाका कर्मचारीहरुको नियुक्ति, सेवा सुविधा आदि सम्वन्धी कर्मचारी विनियमावली बनाई साधारण सभाबाट पारित गराई कार्यान्वयन गर्ने ।

**१३.<u>पद त्याग गर्न सक्ने अवस्था :</u>**

१. अध्यक्षले कार्य समिति मार्फत र अन्य पदाधिकारीहरुले अध्यक्ष मार्फत राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

२. संस्थाका कार्य समिति सदस्यले लिखित जानकारी नगराई कार्य समितिको बैठकमा लगातार ३ पटक अनुपस्थित रहेमा उक्त पद स्वतःरिक्त मानिनेछ ।

३. बाकि अवधिका लागी कार्यसमितिले रिक्त रहेका सदस्य साधारण सदस्यवाट मनोनितगर्ने छ

**१४ . अन्य समितिहरु** :

१.विधानको परिधिभित्र रही  कार्य संचालनका लागी  कार्य समितिको बैठकको निर्णय अनुसार विभिन्न उपसमितिहरु गठन गर्न सकिने छ ।

२.उपसमितिहरुको कार्य समिति बैठकले तोके वमोजिमहुने छ ।

**परिच्छेद ५**

**१५.कामकर्तव्य र अधिकार**

**क.अध्यक्षको कामकर्तव्य र अधिकार**

१.आवश्यकताअनुसार कार्य समितीको बैठक बोलाउनको लागी सचिवलाई जिम्मेवारी दिने

२.आवश्यक सरसल्लाह र परामर्श लिने

३.जिल्लामा रहेका सरकारी गैर सरकारी निकायहरु संग समुन्वय सम्पर्क बनाउने

**ख.उपाध्यक्षको कामकर्तव्य र अधिकार**

१.अध्यक्षको अनुपस्थितिमाकार्य समितिको बैठकको अध्यक्षता ग्रहण गर्ने

२.आवश्यकताअनुसार सरसल्लाह र परामर्श लिने

३.सरोकारवालानिकायहरु संग समन्वय र सहकार्यका लागी समन्वयबनाउने

**ग. सचिवको कामकर्तव्य र अधिकार**

१.अध्यक्षको सल्लाहअनुसार कार्य समितीको बैठक वोलाउने

२.सस्थाले गरेको निर्णको अभिलेख राख्ने

३.कार्यालय सञ्चालनकालागीआई पर्ने सवै कामगर्ने

**घ.सह सचिवको कामकर्तव्य र अधिकार**

१.सचिवको अनुपस्तितिमा वैठकको आयोजनागर्ने

२.सस्थाले गरेका कामको अभिलेख राख्ने

३.कार्यालय सञ्चालनकालागीआवश्यक पर्ने सवै कामहरु गर्ने

**ङ.कोषाध्यक्षको कामकर्तव्य र अधिकार**

१.आयव्ययको अभिलेख राख्ने

२.कार्य योजनाअनुसार बजेत वितरण तयार गरी समितिको निर्णय अनुसार कार्यान्वयनगर्ने

३.सस्थाको नगदतथाजिन्सीको लेखाजोखा राख्ने

४.नियमित रुपमावार्षिक लेखा परीक्षण गराउने

**च.सदस्यहरुको कामकर्तव्य र अधिकारहरु**

१.कार्य समितिको निर्णय अनुसार कामगर्ने

२.सस्थाको विकासकालागीआई पर्ने सबै कामगर्ने

३.लक्षित समुदायको हितकालागीआवश्यककामकाजगर्ने

४सस्थाको विधान अनुसारको आचरण बनाई राख्ने

**१६. सस्थाको गण पुरक संख्या**

कुल सदस्य संख्याको ६० प्रतिशत सदस्यहरु उपस्थितनभइ साधारण सभाको काम कार्वाही हुने छैन तर दफा ११ को उपदफा ५ मा उल्लेख भए बमोजिम बोलाईएको साधारण सभामा कुल सदस्य सख्याको ५१ प्रतिशत प्रतिनिधि उपस्थित भएमा साधारण सभा गर्न सकिने छ ।

**१७. सस्थाको कोष :**

सस्थाको आफ्नै छुट्टै कोष हुने छ र सो कोषमा देहाय बमोजिमका रकमहरु जम्मा गर्न सकिने छ ।

क) सदस्यता शुल्क बापत प्राप्त रकम

ख)सदस्यतानविकरण बापतप्राप्त रकम

ग) विभिन्न सरकारी गैर सरकारी तथादातृ निकाय वाट प्राप्त रकम

घ)बिदेशी संघ सस्थावाव्यक्ति वाट सहयोग तथाअनुदानप्राप्तलिनु पर्ने भएमा समाज कल्याण ऐन २०४९ को दफा १६ बमोजिमपुर्व स्वीकृतीलिनु पर्ने छ

**१८ . खाता सञ्चालन**

सस्थाको अध्यक्ष, सचिव  र कोषाध्यक्षको सयुक्त दस्तखत बाट प्रचलित ऐन नियम अनुसार श्रेताहरु प्रयोग गरी खाता सञ्चालन गरीने छ ।

**१९.सस्थाको लेखा र लेखा परिक्षण**

१.सस्थाले प्रत्येक आ.व.मा गरेका कार्यक्रममा भएको खर्चको लेखापरिक्षण रजिर्ष्टड लेखा परिक्षक बाट गरीने छ।

२.लेखा परिक्षकको नियुक्तीबार्षिक साधारण सभाअथवाकार्य समितिको बैठक बाट गरीने छ।

३.सस्थाको आयव्ययको लेखा  प्रचलित श्रेस्ता स्पष्ट हुने गरी राख्नु पर्ने छ।

४.सस्थाको लेखा परिक्षण प्रतिवेदन एक एकप्रतिजिल्लामाप्रशासनकार्यालयल स्थानियतह समाज कल्याण परिषद र सम्वन्धितमन्त्रालयमा पेश गर्नु पर्ने छ ,

## परिच्छेद ६

### २० .निवार्चन सम्वन्धी व्यवस्था

क) कार्य समितिको निर्वाचन परियोजनको लागी बढीमा ३ जनाको निवार्चन समिति कार्य समितिको निर्णय अनुसार हुने छ।

ख) निवार्चन समितिले कानुनको परिधिभित्र रहेर निवार्चन कार्यविधिआफै व्यवस्थ ।गर्ने छ ।

ग) निवार्चन सम्वन्धी कुनै विवाद भएमा विवादको टुगो निवार्चन समितिले गरेका निर्णय नै अन्तिम हुने छ।

घ) निवार्चन परिणाम घोषणा भए पछि निवार्चन समिति स्वतः विघटन हुने छ।

ङ)सस्थाको साधारण सभाले विवाद रहित ढंगले आगामी ३ वर्षका लागी साधारण सभामा एक  मत  तथा सहमतिका आधारमा कार्य समिति  तथा सल्हाकार समिति चयन गर्न सक्ने छ ।जसका  लागी एक जना प्रस्तावक प्रस्ताव गरेको नामावली २ जनाले समर्थन गरे पछि साधारण सभाले पारित गर्ने छ ।उक्त  प्रक्रिया वाट पारित कार्य समिति साधारण सभाले एकमतले पारित गरेको कार्य समितिमानिने छ ।र निवार्चनको औचित्यहुने छैन र उपदफा क ख ग घ लाई यसै प्रक्रियाले सम्वोधन गरेको मानिने छ।

### २१.उम्मेदवारको योग्यता

क) २० वर्ष पुरा भएको नागरीक

ख)  गम्भीर किसिमको फौजदारी अभियोग नलागेको

ग) साधारण सदस्यतालिई नविकरण गरेको

घ) लक्षित समुदायको उत्थानका  लागी कामकाज  गर्न प्रति वद्ध रहेको

२२.अविश्वासको प्रस्ताव

ग) छलफल टुगौमानपुगे पछी गोप्यमतदान गरीने छ ।

**२३.  विधान संसोधन**

साधारण सभामा उपस्थित  कुल सदस्य संख्याको दुई तिहाइ सदस्यले विधान संसोधनको प्रस्ताव ल्याएमा साधारण सभा वाट छलफल गरी पारित गरी संसोधनगर्न सकिने छ संसोधन विधान प्रमुख जिल्ला अधिकारीको स्वीकृति पश्चात मात्र संसोधन भएको मानिने छ ।

**२४.नियमावली वनाउने**

१ सस्थाले आफ्नो कार्यक्रम सम्पादन गर्नको लागी आवश्यकता अनुसार नियम वनाउन सक्छन र सो नियमावली साधारण सभा वाट पास गराउनु पर्ने छ ।

२.विधान बमोजिम वनेका नियमावलीका आधारमा सस्थाले कार्य सञ्चालन र उद्धेश्य प्राप्तीका लागी आर्थिक प्रसासनीक विनियमावली ,कर्मचारी प्रसासनीक विनियमावली बनाई लागु गर्न सक्ने छ ,

**२५.कर्मचारीहरुको व्यवस्था**

१.सस्थाको दैनिककार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्लानका लागी कर्मचारी दरवन्दी सृजना पारिश्रमीक भत्ता थाअन्य सुविधा हरु कार्य विधिमातोकिए बमोजिमहुने छ ।

**२६. सस्था खारेजी**

१) साधारण सभाले आवश्यक देखेमाविशेस प्रस्तावपारीत गरी सस्थाखारेजीगर्न सक्ने छ ।

२) तर उपदफा १बमोजिम सस्थाको खारेजीको प्रस्तावपारीत गर्दा साधारण सभाले १ वा १भन्दा वढी लिक्वीडेटर र सस्थाको हिसावकितावगर्नका लागी १ जना लेखा परिक्षक हरु नियुक्तगर्ने छ ।

३) नियुक्त गरीएकाहरुको पारिश्रमीक साधारण सभाले   तोक्ने छ ।

४) कारणवस सस्था विगटन भई खारेज भएमा सस्थाको दायीत्वको फरक फरक गरी बाकी सम्पुर्ण जायजात नेपाल सरकारको हुने छ ।

**२९.व्याख्यागर्ने अधिकार**

क) विधानबमोजिमवनेका नियमविनियमको व्याख्यागर्ने अधिकार कार्य समितिलाई हुने छ ।

**<u>२७ .गोप्यता भंग गर्न नहुने</u>**

यस सस्थाको कुनै पनि पदाधिकारीहरुले सस्थाको अहितकार्य गर्नु पर्ने छैन। कार्य समितिका सदस्य र साधारण सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य सब्दको प्रयोग गर्न पाईने  छैन ।

**<u>२८. ऐन अनुसार हुने</u>**

विधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुने छन र सस्था ऐन दर्ता र प्रचलित कानुन बमोजिम बाझिन गएमा स्वतःनिश्कृय हुने छ ।

**<u>२९. निर्देशनको पालन</u>**

नेपाल सरकार वा स्थानिय प्रशासनले दिएको निर्देशनको पालनगर्नु सस्थाको कर्तव्य हो

**<u>३० तदर्थ समिती</u>**

१) यो सस्था स्थापन गरी विधानदर्ता गराउनका  लागी गठित तर्दथ समितिले ६ महिनाभित्र साधारण सभा  बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नया कार्य समितिको निर्वाचन गराईने छ । सोको जानकारी स्थानिय  प्रशासन  प्रमुखलाई गराईने छ ।

२)प्रथम पटक निवार्चन सम्पन्न नभए सम्मको अवस्थामा  कार्य समितिले गरेका काम कार्वाहिहरु यसै विधान सरह गरेको मानिने छ ।

३) माथि जे जस्तो लेखिएको भएता  पनी  सस्था विघटन हुदा सस्थाको नगदजिन्सी नेपाल सरकारको हुने छ । र सस्थाको स्थानिय प्रसासनलाई बुझाईने छ ।

**<u>३१ सपथ ग्रहण</u>**

म..................... यस सस्थाको ...............................हैसियतले ईश्वरको नाममा सपथ लिन्छु यस सस्थाको विधान २०६१ को तेस्रो संसोधन २०७१ बमोजिम संस्थाको

हकहितमा रही सस्थाको सम्पतीमा केरो कुनै निजी स्वार्थ सहने छैन साथै सस्थाको गोप्य कुराहरु सस्थाका आवद्ध वाहेक अन्य कुनै पनी सार्वजनिक स्थल समारोह वा व्यक्तिगत रुपमा कसैलाई गर्ने छैन सस्थागत  विकासमा प्रतिवद्ध रहने छु ।

मिति २०७९/४/२७  गतेको **छैटौ** साधारण सभा बाट निर्वाचित कार्य समिती

| | | |
|---|---|---|
| अध्यक्ष | सरस्वती नेपाली | द.न.पा ४ |
| उपाध्यक्ष | राधा सेरला | मेलौली नपा ३ |
| कोषाध्यक्ष | ज्योति नेपाली | मेलौली ५ |
| सचिव | बलभद्र दयाल | द.न.पा. ४ |
| सह सचिव | कल्पना राना | द.न.पा. ४ |
| सदस्य | हरिश प्रकाश लुहार | द.न.पा. ६ |
| सदस्य | कमला कोली | पञ्चेश्वर |
| सदस्य | कान्ता गैरे | द.न.पा. ४ |
| सदस्य | लक्ष्मी भुल | द.न.पा. ४ |

**सल्लाहकार समितीको नामावली**

१ पुरन सिह दयाल

२ जंग देव भट्ट

३ चन्द्रा लोहार